मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

०४८-५४०११२
०४८-५४०५३२

पत्र संख्या :- ०८२।०८३
चलानी नं. :- ३०६

मिति : २०८२।०५।१३

**विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।**

**श्री जो जससँग सम्बन्धित छ ।**

**रामेछाप** जिल्ला **मन्थली** नगरपालिका अन्तर्गत श्री **देवीस्थान आधारभूत विद्यालय** मन्थली-०६ मा रिक्त रहेको **प्रा.वि तह** शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइदिन भनी विद्यालयको च.न ३७ मिति २०८२।०५।०९ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तह र विषयका योग्यता पुगेका स्थायी शिक्षकहरूबाट यो सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाइको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका, २०८१ को दफा ९ बमोजिम सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**पुनश्च**

१. तोकिएको म्याद भित्र विद्यालय वा शिक्षा शाखाको इमेल ठेगाना **manthalimunedu@gmail.com** मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारबाही हुने छैन ।

**बोधार्थ**

- श्री शिक्षा विकास तथा समन्वय इकाइ, रामेछाप
- श्री **देवीस्थान आधारभूत विद्यालय** मन्थली-०६

२०८२।०५।१३

बिष्णु बहादुर अधिकारी
शिक्षा अधिकृत

बिष्णु बहादुर अधिकारी
शिक्षा अधिकृत (सातौं)